# त्रिपुरेश्वर महादेव मन्दिर तथा सत्तल पुनर्निर्माण र उपयोग सम्बन्धी करारनामा

गुठी संस्थान प्रधान कार्यालय (यसपछि "संस्थान"भनिएको) र धुलिखेल नगरपालिका वडा नं. १ मा रहेको काठमाडौं विश्वविद्यालय (यसपछि "विश्वविद्यालय"भनिएको) का बीचमा काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.११ स्थित संस्थान अन्तरगत व्यवस्थापन र सञ्चालन हुँदै आएको श्री त्रिपुरेश्वर महादेव मन्दिरको चौघेरा सत्तल परम्परागत मौलिकता र शैलीमा परिवर्तन नहुने गरी पुनर्निर्माण गरी संगीत विभाग सञ्चालन गर्न विश्वविद्यालयले गरेको प्रस्तावमा संस्थानको सञ्चालक समितिले पूर्णसहमति दिएको हुँदा निम्न अनुसार कार्यान्वयन गर्न संस्थान र विश्वविद्यालय दुवै पक्ष प्रतिवद्ध भई करार ऐन, २०५६ वमोजिम यो करारनामा गरिएको छ ।

**तपसिल**

१.का.जि., का.म.न.पा., वडा नं.११, त्रिपुरेश्वर स्थित त्रिपुरेश्वर महादेव मन्दिर, मन्दिर परिसर, चौघेरा सत्तल, बागबगैंचा क्षेत्रमा धार्मिक, सांस्कृतिक परम्परा र भावनाको प्रतिकूल प्रभाव पर्न नदिई संरक्षण, सम्वर्द्धन र विकास गर्ने उद्देश्यले, उक्त क्षेत्रका भौतिक संरचनाहरु सुधार गर्ने, तत्पश्चात मन्दिरको पूजाआजा र धार्मिक तथा साँस्कृतिक परम्परालाई निरन्तरता दिँदै समयसापेक्ष व्यवस्थापन गर्दै, पुनर्निर्मित संरचनाहरु उपयोग र सञ्चालन गरिनेछ।

२. संस्थान र विश्वविद्यालय विच यो सम्झौता भई संस्थानले उक्त क्षेत्रमा वसोवास गरी आएकालाई खाली गराई स्थल हस्तान्तरण गरेकोछ महीना भित्र संस्थान र पुरातत्व विभागवाट स्वीकृत नक्शा, डिजाइन, लागत अनुमान वमोजिम मन्दिर र सत्तलको निर्माण कार्य शुरु गरी पाँचवर्ष भित्र पुनर्निर्माण सहित भौतिक संरचना सुधारका सम्पूर्ण कार्यहरु विश्वविद्यालयले गर्नेछ । उक्त कार्यको अनुगमन, सुपरीवेक्षण संस्थानले गर्नेछ ।काबु वाहिरको विशेष परिस्थिति उत्पन्न भएको अवस्थामा वाहेक निर्माण अवधिथप हुने छैन ।

३. देवस्थल र देवस्थलको क्षेत्रको शोभा अभिवृद्धि गरी सो क्षेत्रमा भव्यता कायम गरी वातावरण स्वच्छ तथा सुन्दर वनाउन दोश्रो पक्षले प्रथम पक्षको स्वामित्वमा रहेको का.म.न.पा. वडा नं. ११ कि.नं. ३३५, ३३८(मन्दिरक्षेत्र),३३६, ३३७, ३६३ सो देखि दक्षिण वाग्मती नदीसम्मको जग्गामा उद्यान समेत निर्माण गर्नेछ ।

४. विश्वविद्यालयले संगीत शिक्षालय प्रारम्भ गरेदेखी नियमित रुपमा मन्दिरमा साविक लगत वमोजिमको वाजा वजाउन लाग्ने खर्च वा जनशक्ति उपलब्ध गराउनेछ ।

५. त्रिपुरेश्वर महादेव मन्दिरको नियमित पर्व पूजा सञ्चालनको लागि विश्वविद्यालयले मासिक रु.१५,०००।- (पन्ध्र हजार) का दरले प्रत्येक दुइ वर्षको हुन आउने रकम संस्थानलाई अग्रिम उपलब्ध गराउने छ । उक्त रकममा प्रत्येक दुईवर्षमा दश प्रतिशतका दरले वृद्धि गरी उपलब्ध गराउने छ ।

६. विश्वविद्यालयले मन्दिर परिसरमा सञ्चालन गर्ने कुनैपनि कार्य तथा गतिविधिले तहाँको धार्मिक, साँस्कृतिक परम्परामा आँच पुग्न वा पुऱ्याउन दिने छैन । विश्वविद्यालयले अध्ययन अध्यापन तथा संगित विभागसंग सम्वन्धित गतिविधि वाहेक अन्य काममा प्रयोग गर्न अथवा अन्य व्यक्ति, निकायलाई उपयोग गर्न दिने छैन ।

७. निर्माण अवधि पछिको पचीस वर्ष सञ्चालन अवधि हुनेछ ।सम्पदा संरक्षणको कार्यको उत्कृष्टतार सञ्चालन अवधिभर सहमतिको पालनालाई मूल्याङ्कन गरी दुवै पक्षको स्वतन्त्र सहमतिमा सञ्चालन अवधि नविकरण गर्न सकिनेछ ।

८. निर्माण तथा सञ्चालन अवधिभर उक्त क्षेत्रको नियमित मर्मत सम्भार, रंगरोगन, संरक्षण तथा सुरक्षाको प्रवन्ध विश्वविद्यालयले गर्नेछ ।

९. सत्तल, मन्दिर लगायत निर्माण गरिने संरचना समेतमा जडान हुने विद्युत, पानी, टेलिफोन आदिको शुल्क, महसुल, जरिवाना आदि विश्वविद्यालयले सम्वन्धित निकायमा नियमित रुपले बुझाउने छ । कुनै किसिमको बाँकी बक्यौता राख्ने छैन । विद्युत, पानी, टेलिफोन आदि जडान गर्न जग्गा धनिका तर्फवाट कुनै कार्य गर्नु पर्ने भएमा आवश्यक कागजात सहित सम्वन्धित निकायमा संस्थानले पत्राचार गरिदिनेछ ।

१०. संचालन अवधिभर उक्त क्षेत्रमा संचालित क्रियाकलाप वाट निस्कने फोहोर मैला उपयुक्त ढङ्गले व्यवस्थापन गर्ने काम दोश्रो पक्षले आफ्नै खर्चमा गर्नेछ ।

११. त्रिपुरेश्वर महादेव मन्दिरका पूजारीको लागि विश्वविद्यालयले मन्दिर परिसरको उचित स्थानमाआवासको व्यवस्था गरिदिनेछ ।

१२. देवस्थल मर्मत संभार; सत्तल पुनर्निमाण, वगैंचा जग्गा विकास संरक्षण लगायत यो सम्झौता वमोजिम गरिने सम्पूर्ण कार्यमा लाग्ने खर्च विश्वविद्यालयले वहन गर्नेछ ।

१३. विश्वविद्यालयले संस्थानको सिफारिसमा कम्तिमा दुई जना संस्थानका कर्मचारी परिवार वा गुठीसंग सम्वन्धितलाई अध्ययन गर्न चाहेमा बढिमा पचास प्रतिशत शुल्कमा अध्ययन गर्ने व्यवस्था मिलाउनेछ ।

१३. विश्वविद्यालयले पेश गरेको प्रस्ताव, त्यसमा संस्थानले निर्णय गरी विश्वविद्यालयलाई गराएको जानकारी पत्र यो सम्झौताको अभिन्न अङ्ग हुनेछ ।

१४. यो सम्झौता वमोजिम कार्य गर्दा कुनै द्विविधा वा विवाद उत्पन्न भएमा आपसी सहमतिको आधारमा समाधान गरिने छ ।

१५. यो सम्झौता वमोजिम कुनै पक्षले गर्नुपर्ने कार्य नगरेमा सो पक्षले सम्झौता भङ्ग गरेको मानिनेछ । त्यसको परिणामस्वरुप यो सम्झौता वमोजिम पाएको अधिकार समाप्त हुनेछ ।

संस्थानको तर्फवाट :-
हस्ताक्षर :
नाम,थर : नारायण चौधरी
पद : प्रशासक
कार्यालयको छाप :

विश्वविद्यालयको तर्फवाट :-
हस्ताक्षर :
नाम,थर : प्रा.डा.भोला थापा
पद :रजिष्ट्रार
कार्यालयको छाप :

साक्षी :

१- लोचन रिजाल
२- लक्ष्मणराज ज्ञवाली
हेमराज पुवडी

ईति सम्वत् २०७२साल चैत्र महीना २४ गते रोज ४ शुभम् ।